# कर्णाली प्रदेश आर्थिक ऐन, २०८१

कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

# कर्णाली प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना**: कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, राजस्व सङ्कलन गर्न, कर घटाउन, बढाउन, छुट दिन तथा राजस्व प्रशासनसम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐन संवत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "घरजग्गा रजिस्ट्रेसन शुल्क" भन्नाले रजिस्ट्रेसन दस्तुर, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(ङ) "सवारी साधन" भन्नाले इन्धन वा ऊर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।

३. **घरजग्गा रजिस्ट्रेसन शुल्कः** (१) कर्णाली प्रदेशभित्र घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा रजिस्ट्रेसन शुल्क लगाइने तथा असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क तथा दस्तुर घर, जग्गा वा घरजग्गा रहेको सम्बन्धित स्थानीय तहले उठाउनेछ।

(३) उपदफा (२) बमोजिमको घरजग्गा रजिस्ट्रेसन शुल्क सङ्कलन गर्न स्थानीय तहमा स्रोत, साधन, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालयले सङ्कलन गर्नेछ।

(४) उपदफा (३) बमोजिम सङ्कलन भएको रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा बाँडफाँट गरी दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बाँडफाँट गरिएको रकमको विवरण प्रत्येक महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) घरजग्गा रजिस्ट्रेसन शुल्क रजिस्ट्रेसन गर्दाको बखत स्वामित्व प्राप्त गर्ने व्यक्तिले बुझाउनु पर्नेछ।

(७) घरजग्गा रजिस्ट्रेसन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकममध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ।

(८) घरजग्गा रजिस्ट्रेसन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुँजीगत लाभकर असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्नेछ।

४. **सवारी साधन कर**: (१) प्रदेशभित्र दर्ता हुने र दर्ता भई प्रयोगमा रहेका सवारी साधनमा अनुसूची-२ बमोजिम प्रदेश सरकारले सवारी साधन कर लगाई असुलउपर गर्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलन भएको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी जम्मा भएको कुल रकम मध्ये साठी प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोष र चालिस प्रतिशतले हुन आउने रकम स्थानीय विभाज्य कोषमा दाखिला गरी प्रचलित कानूनबमोजिम स्थानीय तहलाई बाँडफाँट गरी मासिक रूपमा स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने छ।

(३) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिको सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ।

(४) सवारी साधन धनीले आफ्नो स्थायी ठेगाना वा बसाइँसराइ गरेको स्थान, रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थानमा रहेको प्रदेशको यातायात व्यवस्था कार्यालय वा यातायात व्यवस्था सेवा कार्यालयमा कानूनबमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सम्बन्धित स्थानीय तहले सवारी साधन कर लगाइ उठाउनु पर्नेछ।

५. **सवारी चालक अनुमतिपत्र, सवारी दर्ता किताब (ब्लू बुक) दस्तुर र अन्य दस्तुर**: (१) कर्णाली प्रदेशभित्र सवारी चालक अनुमतिपत्रको इजाजत दस्तुर, दरखास्त दस्तुर, नवीकरण दस्तुर, जरिवाना, पुन: प्रयोगात्मक (रि-ट्रायल) परीक्षा दस्तुर, सवारीको दर्ता किताब दस्तुर, सवारीको जाँचपास दस्तुर तथा सोको नवीकरण दस्तुर र यातायातसँग सम्बन्धित अन्य दस्तुर अनुसूची-२ बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर प्रदेश सरकारबाट तोकिएको कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

६. **मनोरञ्जन कर**: (१) प्रदेशभित्र सञ्चालन हुने मनोरञ्जनजन्य क्रियाकलापमा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर एकमुष्ट तोकिएको अवस्थामा सोहीबमोजिम र अन्यमा मनोरञ्जन स्थल प्रवेश तथा सो भित्रका आन्तरिक मनोरञ्जनात्मक क्रियाकलापका लागि खरिद गरिने टिकटको मूल्यमा लाग्नेछ।

(३) उपदफा (२) बमोजिमको मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन स्थलको सञ्चालकले कर उठाएको महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तहमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र कर दाखिला नगरेमा सम्बन्धित स्थानीय तहले वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज सहित असुलउपर गर्नु पर्नेछ।

(५) यस दफाबमोजिम सङ्कलन भएको कर रकम स्थानीय विभाज्य कोषमा राखी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नु पर्नेछ।

(६) यस दफाबमोजिमको मनोरञ्जन करको सङ्कलन, नियमन, प्रशासन र असुल सम्बन्धित स्थानीय तहले गर्नेछ।

७. **<u>विज्ञापन कर</u>**: (१) प्रदेशभित्र विज्ञापन सामग्री राखेबापत सम्बन्धित स्थानीय तहले विज्ञापन कर लगाई असुलउपर गर्नेछ।

**<u>स्पष्टीकरण</u>**: यस दफाको प्रयोजनको लागि "विज्ञापन सामग्री" भन्नाले होर्डिङ्ग बोर्ड, साइन बोर्ड, ब्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, धातुको फ्रेम, नियोन, डिजिटल डिस्प्ले, भित्ते लेखन, तुल, खम्बा वा सवारी साधनमा राखिने सामग्री, पोष्टर तथा बेलुन जस्ता सामग्री र विद्युतीय माध्यमबाट गरिने विज्ञापन सम्झनु पर्छ।

(२) विज्ञापन सामग्री राख्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा स्थानीय तहले सर्वसाधारण जनताको अहित हुने नदेखेमा विज्ञापन कर लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमति दिँदा विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, वातावरणीय स्वच्छता एवम् सौन्दर्यता, सार्वजनिक यातायातमा पर्न सक्ने असर, सामग्रीको भाषिक शुद्धता, शालीनता र आकारजस्ता विषयमा आवश्यक शर्त तोक्न सक्नेछ।

(५) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनु अघि सम्बन्धित स्थानीय तहले त्यस्तो निकायको सहमति लिनु पर्नेछ।

(६) स्थानीय तहले सरकारी जग्गामा अनुमति नलिई राखिएका विज्ञापन सामग्री हटाई सम्बन्धित विज्ञापनकर्तालाई जरिवाना गर्न सक्नेछ।

(७) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छुट वा मिनाहा हुने छैन।

(८) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले राखेका विज्ञापनमा विज्ञापन कर लाग्ने छैन।

(९) यस दफाबमोजिम विज्ञापन करबाट उठेको रकम स्थानीय विभाज्य कोषमा राखी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नु पर्नेछ।

(१०) विज्ञापन कर असुलीसम्बन्धी अन्य व्यवस्था स्थानीय तहको कानूनबमोजिम हुनेछ।

८. **कृषि सेवा शुल्कः** (१) प्रदेशले आफ्नो क्षेत्रभित्र कृषि सेवा उपलब्ध गराए बापत अनुसूची-४ बमोजिम कृषि सेवा शुल्क लिनेछ।

(२) उपदफा (१) बमोजिमको कृषि सेवा शुल्क प्रदेश सरकारका कार्यालयबाट सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

९. **पर्यटन शुल्कः** (१) प्रदेश सरकारले निर्माण गरी सञ्चालनमा रहेका पर्यटकीय स्थल तथा क्रियाकलाप र पर्यापर्यटनमा अनुसूची-५ बमोजिम पर्यटन शुल्क लगाइ असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्कको नियमन र प्रशासन सम्बन्धित स्थानीय तहले गर्नेछ।

(३) उपदफा (१) बमोजिम सङ्कलन भएको शुल्क स्थानीय विभाज्य कोषमा राखी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नु पर्नेछ।

(४) प्रदेशभित्र सञ्चालित प्रदेशस्तरीय सङ्ग्रहालयबाट सङ्कलन हुने शुल्क अनसूची-५ बमोजिम प्रदेश सरकारले सङ्कलन गर्नेछ।

१०. **निर्माण सामग्रीको प्रयोगशाला परीक्षण शुल्कः** (१) निर्माण सामग्रीको प्रयोगशाला परीक्षण बापत अनुसूची-६ बमोजिम प्रयोगशाला परीक्षण शुल्क लिइनेछ।

(२) उपदफा (१) बमोजिम उठाउने शुल्क सम्बन्धित निकायले प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

११. **प्राकृतिक स्रोत तथा वन पैदावारको सङ्कलन तथा बिक्री शुल्कः** (१) प्रदेशभित्र ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, माटो र दहत्तर बहत्तर तथा वन पैदावारको सङ्कलनमा अनुसूची-७ बमोजिम शुल्क लगाइ असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन, नियमन र प्रशासन सम्बन्धित स्थानीय तहले गर्नेछ।

(३) यस दफाबमोजिम सङ्कलन गरेको शुल्क स्थानीय तहले स्थानीय विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ। यसरी दाखिला भएको रकमको साठी प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोष र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको शुल्क सङ्कलन गर्न सम्बन्धित स्थानीय तहले प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नु पर्नेछ।

१२. **प्रयोगशाला सेवा शुल्कः** (१) प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट प्रदान गरिने सेवामा अनुसूची-८ बमोजिम सेवा शुल्क लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सेवा शुल्क प्रदेश जनस्वास्थ्य प्रयोगशालाले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(३) प्रयोगशाला सेवा शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

१३. **आवेदन शुल्कः** प्रदेश सरकार र मातहतका निकायमा सूचना प्रकाशन गरी जनशक्ति सेवा करारमा लिंदा सहायकस्तर पाँचौं तहसम्म एक सय पचास रुपैयाँ र सोभन्दा माथिको तहमा तीन सय रुपैयाँ आवेदन शुल्क लिइनेछ।

१४. **राजस्वसम्बन्धी अन्य व्यवस्थाः** (१) कर तथा शुल्क उठाउने विषयगत कानून तर्जुमा नहुँदासम्म प्रदेश सरकारका मन्त्रालय वा निकायले प्रदान गर्ने सेवा बापत मन्त्रालयको सहमति लिई सेवाको प्रकृति अनुसार कार्यविधि बनाई सेवा शुल्क लगाउन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सङ्कलन भएको सेवा शुल्क सम्बन्धित मन्त्रालय वा निकायले प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

१५. **करको दर घटाउन, बढाउन वा छुट दिन सकिनेः** (१) प्रचलित प्रदेश कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानूनबमोजिम लगाइएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ। त्यसरी दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क र कर रकम असुलउपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

१६. **कर तथा शुल्क मिनाहासम्बन्धी व्यवस्थाः** (१) दुई वा दुईभन्दा बढी पक्षले आपसी सहमतिमा कृषि प्रयोजनका लागि जग्गाको चक्लाबन्दी गर्न हक हस्तान्तरण गर्दा लाग्ने रजिस्ट्रेसन शुल्कमा पचास प्रतिशत छुट हुनेछ।

(२) सुर्ती र मदिराजन्य बाहेकका प्रदेशभित्र स्थापना तथा सञ्चालन हुने उत्पादनमूलक उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेसन शुल्क शतप्रतिशत छुट हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम जुन प्रयोजनको लागि छुट प्राप्त गरेको हो सोभन्दा अन्य प्रयोजनमा प्रयोग गरेमा छुट बराबरको शुल्क असुलउपर गरी शतप्रतिशत जरिवाना लाग्नेछ।

१७. **<u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने</u>:** यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**घरजग्गा रजिस्ट्रेसन शुल्क**

**क. घरजग्गा रजिस्ट्रेसन दस्तुरः**

| सि. नं. | लिखतको प्रकार | रजिस्ट्रेसन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १. | **राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखत** | | |
| | (क) राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | ५% | २.५% |
| | (ख) सामूहिक आवास योजनाअन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमा | २% | १% |
| | (ग) सामूहिक आवास योजनाअन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अङ्कमा | ४% | २% |
| २. | (क) छोडपत्र (आफ्नो हक हिस्सा बराबरको थैली अङ्कमा) | | |
| | तीन पुस्ताभित्र | २.५% | १% |
| | तीन पुस्ताबाहिर | ३ % | २% |
| | (ख) दर्ताफारी (संयुक्त दर्तावाला बीचको संयुक्त थैली अङ्कमा) | २% | १% |
| ३. | **हालैदेखिको बकसपत्रको लिखत** | | |
| | (क) एक लाख रुपैयाँसम्मको थैली अङ्कमा | १.५% | ०.७५% |
| | (ख) एक लाख रुपैयाँभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | १.२५% |
| | (ग) अन्य बकसपत्र र दानपत्रको थैली अङ्कमा | १५% | १०% |
| | ***स्पष्टीकरणः*** सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश सरकारका कार्यालय, स्थानीय तह तथा नेपाल सरकार तथा प्रदेश सरकारको गठन आदेशबाट गठित समिति, बोर्ड, प्रतिष्ठान, संस्थान, आयोग तथा आयोजना र प्रदेश सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क वा दस्तुर लाग्ने छैन। | | |
| ४. | **अंशबण्डा तथा अंश भर्पाईको लिखत** | | |
| | (क) तीस लाख रुपैयाँसम्मको थैली अङ्कमा | ०.२% | ०.२% |
| | (ख) तीस लाख रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्मको थैली अङ्कमा | ०.३% | ०.३% |

| सि. नं. | लिखतको प्रकार | रजिस्ट्रेसन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| | (ग) दुई करोड रुपैयाँभन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% |
| | **स्पष्टीकरणः** अंश भर्पाईको लिखत गर्दा भर्पाई बापत दाखिल खारेज भई जाने घरजग्गा र सबै अंशियारका नाममा बाँकी रहेको सम्पूर्ण घरजग्गा समेतका आधारमा थैली अङ्क कायम गरी सोही आधारमा लाग्ने प्रतिशतको यकीन गरी दाखिल खारेज भई जाने घरजग्गाको मात्र रजिस्ट्रेसन शुल्क असुल गर्नुपर्नेछ। | | |
| ५. | **मानो छुट्टिएको र मानो जोडिएको लिखत** | | |
| | (क) मानो छुट्टिएको प्रति लिखत | रू.१२,०००।- | रू.६,०००।- |
| | (ख) मानो जोडिएको प्रति लिखत | रू.१०,०००।- | रू.५,०००।- |
| ६. | **शेषपछिको बकसपत्र वा अष्टलोहको प्रति लिखत** | | |
| | (क) तीन पुस्ताभित्र | रू.५,०००।- | रू.३,०००। |
| | (ख) तीन पुस्ता बाहिर | रू.१२,०००।- | रू.६,०००।- |
| ७. | **बन्धकीको लिखत** | | |
| | व्यक्ति-व्यक्ति बीचमा भएको दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अङ्कमा | १% | १% |
| ८. | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको प्रति लिखत | रू.२,०००।- | रू.२,०००।- |
| ९. | **अन्य लिखत** | | |
| | दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | २% | १% |
| | मासिक एक लाख रुपैयाँभन्दा बढीको घर बहाल लिनु दिनु गरेको लिखतको पहिलो महिनाको वहाल रकमको थैली अङ्कमा | ४% | ३% |
| | गुठी दर्ता | रू.५,०००। | रू.३,०००। |
| | गुठी नवीकरण | रू.३,०००।- | रू.२,०००।- |

**१०. बेजिल्ला वा बेइलाका लिखत पारितसम्बन्धी व्यवस्था**

| लिखतको प्रकार | रजिस्ट्रेसन दस्तुर | बेजिल्ला वा बेइलाकाको लिखत पारित बापतको थप शुल्क |
|---|---|---|
| क. अंशबण्डा तथा अंश | जग्गा भएको प्रदेश सरकारले | प्रदेशभित्र वा प्रदेशबाहिरका |

| लिखतको प्रकार | रजिस्ट्रेसन दस्तुर | बेजिल्ला वा बेइलाकाको लिखत पारित बापतको थप शुल्क |
|---|---|---|
| भर्पाई बाहेकका सबै प्रकारका लिखत | तोकेको दरमा शुल्क वा दस्तुर असुल गरी दाखिल खारेज गर्ने क्षेत्राधिकार भएको मालपोत कार्यालयको खातामा शुल्क वा दस्तुर जम्मा गरेको सक्कलै बैङ्क भौचर संलग्न हुनुपर्ने। | जिल्लाको लिखत पारित गर्दा यस आर्थिक ऐनबमोजिम असुल भएको रजिस्ट्रेसन शुल्क वा सेवा शुल्क वा रोक्का दस्तुरको दश प्रतिशतले हुन आउने थप रकम लिखत पारित गर्ने मालपोत कार्यालयको खातामा जम्मा गरेको सक्कलै बैङ्क भौचर संलग्न हुनुपर्ने |
| ख. अंशवण्डा तथा अंश भर्पाई लिखत (घरजग्गा भएको मध्ये जुनसुकै कुनै एक मालपोत कार्यालयबाट मात्र पारित गर्नुपर्नेछ)। | जग्गा भएको प्रदेश सरकारले तोकेको दरमा शुल्क वा दस्तुर असुल गरी दाखिल खारेज गर्ने क्षेत्राधिकार भएको मालपोत कार्यालयको खातामा शुल्क वा दस्तुर जम्मा गरेको सक्कलै बैङ्क भौचर संलग्न हुनुपर्ने। | नलाग्ने |
| घर/जग्गा रहेको सम्बन्धित प्रदेश सरकारको आर्थिक ऐनमा बेजिल्ला वा बेइलाका लिखत पारित गर्नेसम्बन्धी व्यवस्था भएको रहेछ भने मात्र सो क्षेत्रको घर/जग्गाको लिखत यस अनुसूचीबमोजिम पारित गर्नुपर्नेछ। | | |

**ख. सेवा शुल्क :**

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| १. | **लिखत रजिस्ट्रेसनको लागि डोर माग गर्ने लिखतमा डोर शुल्क** | रू. ६,०००।- | रू. ३,०००।- |
| | **<u>द्रष्टव्य:</u>** एकै व्यक्तिले एकै पटक एउटै डोरबाट एकभन्दा बढी लिखत रजिस्ट्रेसनका लागि माग गरेमा जति थप लिखत पास हुने हो प्रत्येक लिखतमा डोर शुल्क लाग्नेछ। | | |
| २. | **वित्तीय धितो** | | |
| | नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त बैङ्क, वित्तीय संस्था र सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| | (क) एक लाख रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | रू.१,५००।- | रू.१,५००।- |
| | (ख) एक लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्मको थैली अङ्कमा | रू.२,०००।- | रू.२,०००।- |
| | (ग) पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्मको थैली अङ्कमा | रू.३,०००।- | रू.३,०००।- |
| | (घ) दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्मको थैली अङ्कमा | रू.३,५००।- | रू.३,५००।- |
| | (ङ) बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्मको थैली अङ्कमा | रू.५,५००।- | रू.५,५००।- |
| | (च) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्मको थैली अङ्कमा | रू.२०,५००।- | रू.२०,५००।- |
| | (छ) एक करोड रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्मको थैली अङ्कमा | रू.३०,०००।- | रू.३०,०००।- |
| | (ज) दुई करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्मको थैली अङ्कमा | रू.६५,०००।- | रू.६५,०००।- |
| | (झ) पाँच करोड रुपैयाँभन्दा बढी जतिसुकै थैली अङ्कमा | रू.१,००,०००।- | रू.१,००,०००।- |
| ३. | **लिज** | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिमको दस्तुर लाग्नेछ। | |
| | सरकारी जग्गा लिजमा उपलब्ध गराउने | | |
| ४. | जग्गाधनी दर्ता स्रेस्ता वा जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि बापत (प्रति पुर्जा) | रू.३००।- | रू.१००।- |
| | **<u>द्रष्टव्यः</u>** पारित लिखत वा निर्णय मिसिल संलग्न कागजातको प्रयोजन खोली सरोकारवालाले निवेदन गरेमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४६ को उपदफा (३) बमोजिम दस्तुर लाग्नेछ। | | |
| ५. | दाखिल खारेज शुल्क | | |
| | (क) अदालत वा न्यायिक निकायबाट भएको फैसला बमोजिम करारनामाको लिखत अनुसार दाखिला खारेज गर्दा | ४% | २% |
| | **<u>द्रष्टव्यः</u>** यस खण्डबमोजिम दाखिल खारेज गर्दा मालपोत कार्यालयले साविकमा करारनामाको | | |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| | लिखत पारित गरेको र सो उपरमा अदालत वा अन्य न्यायिक निकायबाट फैसला वा मिलापत्र भएको हुनुपर्दछ। | | |
| | (ख) अदालत वा न्यायिक निकायबाट भएको अन्य फैसला वा मिलापत्र  अनुसारको दाखिल खारेज गर्दा (अंश र अपुताली बाहेक) | २% | १% |
| | (ग) अंश वा अपुताली सम्बन्धमा अदालत वा अन्य न्यायिक निकायबाट भएको फैसला वा मिलापत्र बमोजिमको दाखिल खारेज गर्दा | अंशको हकमा अंशबण्डा सरह र अपुतालीको हकमा नामसारी सरह शुल्क लाग्नेछ। | |
| | (घ) बैङ्क, वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैङ्क तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिल खारेज गर्दा थैली अङ्कमा | ४% | २% |
| | (ङ) बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीको नामबाट बैङ्क, वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाममा दाखिल खारेज गर्दा प्रति मिसिल | रू. ७,०००।- | रू. ५,०००।- |
| | (च) बैङ्क, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैङ्क वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २% | १% |
| | (छ) भूमि सुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउँदा प्रति मिसिल | रू.१,०००।- | रू.५००।- |
| | (ज) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रू.५,०००।- | रू.३,०००।- |
| | (झ) शेषपछिको बकसपत्रको दाखिल खारेज | | |
| | (अ) तीन पुस्ताभित्रको भए थैली अङ्कमा | अंशबण्डा सरह | |
| | (आ) तीन पुस्ताबाहिरको भए थैली अङ्कमा | राजीनामा सरह | |
| ६. | नामसारी प्रति मिसिल | | |
| | (क)तीन पुस्ताभित्रको | रू.२,०००।- | रू.१,०००।- |

| सि. नं. | विवरण | | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक | |
|---|---|---|---|---|
| | | | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| | (ख)तीन पुस्ताभन्दा बाहिरको | | रू.५,०००।- | रू.३,०००।- |
| ७. | हाल साविक | पुनः नापजाँच पछिको स्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रू.२,०००।- | रू.१,०००।- |
| ८. | घर कायम | स्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रू.२,५००।- | रू.१,०००।- |
| ९. | संशोधन दस्तुर | मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (३) बमोजिम विवरण संशोधन गर्दा प्रति मिसिल | रू.५००।- | रू.३००।- |
| १०. | रोक्का दस्तुर | लिखत रजिस्ट्रेसन नहुनेमा (पत्रद्वारा हुने रोक्का) : | | |
| | | (अ) एक लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रू.५००।- | रू.३००।- |
| | | (आ) एक लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रू.१,०००।- | रू.५००।- |
| | | (इ) पाँच लाख रुपैयाँभन्दा बढी जतिसुकै ऋण अङ्कमा | रू.१,५००।- | रू.८००।- |
| | | (ई) ऋण अङ्क नखुलेकोमा | यस अनुसूचीको खण्ड (ख) सेवा शुल्कको बुँदा नं. २ बमोजिम सेवा शुल्क लिई लिखत पारित गराउनुपर्नेछ। | |

**ग. विविध:**

| सि.नं. | विवरण |
|---|---|
| १. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपन्छीपालन, अलैंची खेती, जडिबुटी खेती एवम् फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ। |
| २ | सामूहिक खेती योजनाअन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले एकभन्दा बढी व्यक्ति मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिस्ट्रेसन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ। |
| ३ | सूर्ती, गुट्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुरमा शत प्रतिशत छुट हुनेछ। |

| सि.नं. | विवरण |
|---|---|
| ४ | यस खण्डको सि.नं. १, २ र ३ बमोजिम छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा मालपोत कार्यालयले साविकमा छुट दिएको रजिस्ट्रेसन शुल्क वा दस्तुर असुल गरी सोही रकम बराबरको जरिवाना समेत गर्नु पर्नेछ। |
| ५. | (क) कृषि ऋण, बीमा संस्थान, नेपाल बीमा प्राधिकरणबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैङ्क तथा वित्तीय संस्थाले आफ्ना बहालवाला कर्मचारीलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितोबन्धक लिखत पारित गर्दा रजिस्ट्रेसन दस्तुर छुट हुनेछ।<br>तर सेवा शुल्क एक हजार रुपैयाँ लाग्नेछ। |
| | (ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्तालाई ऋण सुविधा उपलब्ध गराउने प्रयोजनका लागि धितोबन्धक लिखत पारित गर्दा रजिस्ट्रेसन दस्तुर छुट हुनेछ।<br>तर सेवा शुल्क एक हजार रुपैयाँ लाग्नेछ। |
| ६. | (क) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाले आफ्ना शेयर सदस्य बीच ऋण लगानी गर्दा तीन लाख रुपैयाँसम्मको थैली अङ्कमा रोक्का दस्तुर बाहेक सेवा शुल्क छुट हुनेछ। सोभन्दा माथिको थैली अङ्कमा खण्ड ख. सेवा शुल्कको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ। |
| | (ख) बैंकिङ्ग, वित्तीय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकाय एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाले सो प्रयोजनका लागि घरजग्गा एकीकृत गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर लाग्ने छैन। |
| ७. | विभिन्न समयमा भएका जनआन्दोलन र प्रदेश स्थापनाको आन्दोलनमा सहादत प्राप्त गरेका सहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐनबमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्ण रूपमा छुट हुनेछ।<br>तर यो सुविधा प्राप्त गर्ने व्यक्तिले नेपाल सरकारले जारी गरेको परिचय पत्र वा स्वामित्व प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहबाट किटानी सिफारिस पत्र पेश गर्नु पर्नेछ। |
| ८. | अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएका जाति तथा अल्पसङ्ख्यक, सीमान्तीकृत जाति भएको भनी लाभग्राहीको स्थायी ठेगाना भएको स्थानीय तहको सिफारिस वा आधिकारिक प्रमाणका आधारमा त्यस्ता व्यक्तिको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐनबमोजिम असुल गरिने घरजग्गा रजिस्ट्रेसन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। |

| सि.नं. | विवरण |
|---|---|
| ९. | (क) महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र माता तथा पिता बिहिन नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐनबमोजिम लगाइएको रजिस्ट्रेसन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ। यो सुविधा प्राप्त गर्ने व्यक्तिले नेपाल सरकारले जारी गरेको परिचय पत्र वा स्वामित्व प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहबाट किटानी सिफारिस पत्र पेश गर्नु पर्नेछ।<br>तर एकल महिलाको हकमा पैंतीस प्रतिशत छुट हुनेछ। हुम्ला, जुम्ला, मुगु, कालिकोट र डोल्पा जिल्लाका सदरमुकाम बाहेकका गाउँपालिकाको हकमा पचास प्रतिशत छुट हुनेछ। |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घरजग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो लिखतमा एक सय रुपैयाँ रजिस्ट्रेसन दस्तुर लाग्नेछ। |
| | (ग) तीन सय जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुरको लिखतमा पचास प्रतिशत छुट दिइनेछ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा मालपोत कार्यालयले साविकमा छुट दिएको रजिस्ट्रेसन शुल्क वा दस्तुर असुल गरी सोही रकम बराबरको जरिवाना समेत गर्नु पर्नेछ। |
| १०. | भूमिहीन, मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का शुल्क व्यक्तिको स्थायी ठेगाना भएको हालको स्थानीय तहको सिफारिसमा पूर्ण छुट हुनेछ। |
| ११. | बैङ्क, वित्तीय एवम् सहकारी सङ्घसंस्था र अदालतबाट मिलापत्र भई आएको दाखिल खारेज गर्दा सेवा दस्तुर असुल तथा मालपोत कार्यालयले रजिस्ट्रेसन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैङ्क, वित्तीय एवम् सहकारी सङ्घसंस्थाको पत्रमा उल्लेख भएको मूल्यमध्ये जुन बढी हुन्छ सोही मूल्य कायम गर्नु पर्नेछ। |
| १२. | प्रचलित कानूनबमोजिम दर्ता भएका सहकारी सङ्घसंस्थालाई आफ्नो कार्यालय भवन निर्माणको लागि हिमाल र पहाडी क्षेत्रमा दुई रोपनीसम्म र अन्य क्षेत्रमा तीन कट्ठासम्म जग्गा खरिद गर्दा लाग्ने रजिस्ट्रेसन शुल्क पूर्ण रूपमा छुट हुनेछ र त्यस्तो छुट सुविधा एक पटकका लागि मात्र प्रदान गरिनेछ। यसका लागि सहकारी सङ्घसंस्थाका नियामक निकायहरूमध्ये सहकारीको कार्यक्षेत्रको आधारमा स्थानीय तह वा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय वा सहकारी विभागको सिफारिस पत्र पेश गर्नुपर्नेछ।<br>तर त्यस्ता सहकारी संस्थाले रजिस्ट्रेसन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा |

| सि.नं. | विवरण |
|---|---|
| | भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा वा कुनै पनि किसिमबाट दाखिल खारेज भई गएमा साविकमा छुटका लागि सिफारिस गर्ने नियामक निकायको सिफारिसमा पहिले छुट दिएको रजिस्ट्रेसन शुल्क वा दस्तुर असुलउपर गरिनेछ। |
| १३. | यस अनुसूचीबमोजिम छुट दिँदा एकै व्यक्तिले एकभन्दा बढी आधारमा छुट पाउने अवस्था भएमा सबैभन्दा बढी कुनै एक छुट दिइनेछ। |
| १४. | एउटै कारोबारबाट दश लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्मको कारोबारमा बैङ्किङ्ग उपकरण र सोभन्दा माथिको घर, जग्गा वा घरजग्गा खरिद बिक्री गर्दा क्रेताले बैङ्कबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट, बैङ्क ग्यारेन्टी, इपेन्ट वा राष्ट्र बैङ्कको निर्देशिका बमोजिम) भनी छाप लागेको चेकको प्रतिलिपि वा बिक्रेताका नाममा बैङ्कमा रहेको खातामा रकम जम्मा गरेको बैङ्क भौचरको प्रतिलिपि पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ। |
| १५. | पतिपत्नीको संयुक्त नाममा पारित हुने लिखतमा पच्चीस प्रतिशत रजिस्ट्रेसन दस्तुर छुट दिइनेछ। |
| १६. | यस अनुसूचीबमोजिम हुने कामका लागि तीन पुस्ता भन्नाले बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, बहिनी, छोरा, धर्मपुत्र, धर्मबुहारी, छोरा-बुहारी, छोरी, धर्मपुत्री, धर्मज्वाइँ, छोरी-ज्वाइ, सासु, ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी ज्वाइँ, नातिनीबुहारी, काका, काकी, मामा, माइजू, भान्जा, भान्जी, ठूलोबुवा, ठूलीआमा (बाबुतर्फका), आमाजू, नन्द, सौता-सौता, एकै दाजु भाइ दिदी-भाइको छोरा, बुहारी, छोरी, ज्वाइँ, फुपू, फुपा, भदा, भदै, भदाबुहारी, भदैनी ज्वाइँ बीच हुने कारोबारलाई जनाउँदछ। |
| १७. | सङ्घीय सरकारअन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिस्ट्रेसन वा दाखिल खारेज गर्नु पर्दा रजिस्ट्रेसन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा सङ्घीय सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिस्ट्रेसन वा दाखिल खारेज गर्नु पर्दा रजिस्ट्रेसन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। |
| १८. | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र सरकारी निकायलाई घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन गर्दा कुनै शुल्क लाग्ने छैन। |
| १९. | वैदेशिक रोजगारीबाट बैङ्किङ प्रणाली मार्फत् विप्रेषण (रेमिट्यान्स) प्राप्त भएको बैङ्कको प्रमाणित कागजातको आधारमा त्यस्तो विप्रेषणबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिस्ट्रेसन दस्तुर छुट दिइनेछ।<br>तर एकासगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गाको लिखतको हकमा यो प्रावधान लागू हुने छैन। |
| २०. | मालपोत कार्यालयबाट तत् समयमा लाग्ने दस्तुर वा सेवा बुझाई वा नबुझाई विगतमा पारित |

| सि.नं. | **विवरण** |
|---|---|
| | लिखत वा निर्णय भएका तर सो बमोजिम दाखिल खारेज भएको रहेनछ तर अब आएर दाखिल खारेजका लागि माग निवेदन परेमा चालू आर्थिक वर्षको जग्गाको न्यूनतम् मूल्याङ्कन भिडाई कायम हुने थैली अङ्कमा यस अनुसूचीबमोजिम दस्तुर वा सेवा शुल्क गणना गरी साविकमा असुल गरेको दस्तुर वा शुल्क नपुग हुने देखिएमा नपुग हुने रकम जति दस्तुर वा शुल्क असुलउपर गरी दाखिल खारेज गर्नुपर्नेछ। |
| २१. | एक पटक कारोबार भएको थैली अङ्क भन्दा कम मूल्याङ्कन कायम गरी लिखत पारित गर्न पाइने छैन।<br>तर बन्धकी लिखतमा उल्लेख भएको ऋण रकमलाई धितो लिलामी वा सकार गरी दाखिल खारेज गर्ने प्रयोजनभन्दा अन्य लिखत वा कारोबारमा गणना गरिने छैन। |

अनुसूची-२

(दफा ४ को उपदफा (१) र दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**(क) सवारी साधन कर**

**१. निजी सवारी साधनमा देहायबमोजिम सवारी साधन कर लाग्नेछः**

| **सि.नं.** | **सवारीको किसिम** | वार्षिक कर दर |
|---|---|---|
| १. | **कार, जिप, भ्यान र माइक्रो बस** | |
| | (क) १००० सी.सी. सम्म | रू.२१,०००।- |
| | (ख) १००० सी.सी. देखि माथि १५०० सी.सी. सम्म | रू.२३,०००।- |
| | (ग) १५०० सी.सी. देखि माथि २००० सी.सी. सम्म | रू.२६,०००।- |
| | (घ) २००० सी.सी. देखि माथि २५०० सी.सी. सम्म | रू.३५,०००।- |
| | (ङ) २५०० सी.सी. देखि माथि ३००० सी.सी. सम्म | रू.४०,०००।- |
| | (च) ३००० सी.सी. देखि माथि ३५०० सी.सी. सम्म | रू.५६,०००।- |
| | (छ) ३५०० सी.सी. देखि माथि सबै | रू.६२,०००।- |
| २. | **डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
